# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८२/८३

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय

२०८३

# विषयसूची


परिच्छेद १: मन्त्रालयको परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ मन्त्रालयको काम, कर्तव्य र अधिकार ........ २

१.३ सङ्गठन संरचना ........ ३

१.४ मन्त्रालयको कार्यक्षेत्र सँग सम्बन्धित नीति तथा कानूनी व्यवस्थाहरू ........ ५

परिच्छेद २: वार्षिक बजेट तथा कार्यक्रम र खर्चको प्रगति विवरण ........ ९

२.१ आर्थिक वर्ष २०८२/८३ को बजेट व्यवस्था ........ ९

२.२ आ.व. २०८२/८३ को बजेट तथा खर्चको प्रगति सारांश ........ १४

२.३ आ.व. २०८२/८३ को आयोजनागत बजेट खर्च ........ १५

२.४ सोह्रौं योजनाको नतिजा सूचकको लक्ष्य र उपलब्धि ........ १७

२.५ आ.व. २०८२/८३ को माइलस्टोनको प्रगति अवस्था ........ २०

२.६ आ.व. २०८२/८३ को कार्यक्रम/परियोजनागत मुख्य मुख्य उपलब्धिहरू ........ २१

२.७ मन्त्रालयको वार्षिक कार्यसम्पादन सूचकहरूको कार्यान्वयन अवस्था ........ ३१

२.८. हाल सम्मको बेरुजु फछ्यौटको अवस्था ........ ३४

परिच्छेद ३: मन्त्रालयको कोष परिचालन ........ ३५

३.१ कोष परिचालन सम्बन्धी व्यवस्था ........ ३५

परिच्छेद ४: मन्त्रालयको प्रमुख चुनौती, समाधानका लागि गरिएका प्रयास तथा आगामी कार्यदिशा ........ ३७

४.१ मन्त्रालयको कार्य सम्पादनमा रहेका प्रमुख चुनौती ........ ३७

४.२ चुनौती सम्बोधनका लागि गरिएका प्रयासहरू ........ ३७

४.३ मन्त्रालयको आगामी कार्यदिशा ........ ३८

अनुसूचीहरू ........ ३९

# तालिका सूची

तालिका १: आ.व. २०८२/८३ को बार्षिक बजेटको सारांश ............................................................ १२
तालिका २: आ.व. २०८२/८३ को बार्षिक बजेटको बजेट उपशिर्षक नम्बर बमोजिम बजेट सारांश ............ १४
तालिका ३: आ.व. २०८२/८३ को बार्षिक बजेट खर्चको प्रगति सारांश ............................................ १५
तालिका ४: आ.व. २०८२/८३ को बार्षिक बजेटको अयोजनागत बजेट खर्च प्रगति ............................ १७
तालिका ५: सोह्रौ योजनाको नतिजा सूचक .................................................................................... २०
तालिका ६: आ.व. २०८२/८३ मा महिला उद्यमी समुन्नती पुरस्कार प्राप्त गर्ने उद्यमीको विवरण ............ २३
तालिका ७: आ.व. २०८२/८३ मा सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था ..................................... ३१
तालिका ८: मन्त्रालयको वार्षिक कार्यसम्पादन सूचकको कार्यान्वयन अवस्था ....................................... ३३
तालिका ९: मन्त्रालयको बेरूजु फछ्यौंटको अवस्था ........................................................................ ३४
तालिका १०: मन्त्रालय अन्तर्गतका कोष परिचालनको अवस्था ............................................................ ३६

# परिच्छेद १: मन्त्रालयको परिचय

## १.१ पृष्ठभूमि

ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रमको रूपमा आ.व. २०३९।०४० मा महिला विकास कार्यक्रमको सुरूवात तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत छैठौं पञ्चवर्षीय योजना अवधिमा ५ जिल्लाबाट शुरू भएको थियो। यसैबीच २०४७ सालमा महिला विकास शाखालाई महिला विकास महाशाखामा स्तरोन्नति गरियो। संयुक्त राष्ट्रसंघले सन् १९७५ लाई अन्तराष्ट्रिय महिला वर्ष र सन् १९७६ देखि १९८५ को अवधिलाई संयुक्त राष्ट्र संघीय महिला दशकका रूपमा घोषणा गरेपश्चात वि.सं. २०५२ आश्विन ६ मा महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो। वि.सं. २०५७ सालमा मन्त्रालयको नाम परिवर्तन गरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय राखियो। तत्पश्चात स्थानीय विकास मन्त्रालय अन्तर्गत संचालित महिला विकास कार्यक्रम आ.व. ०५६/५७ मा स्थानीय विकास मन्त्रालयबाट यस मन्त्रालयमा स्थानान्तरण भयो। आ.व. २०५६/५७ मा महिला विकास कार्यक्रमको विस्तार साविकका ७५ वटा जिल्लामा हुनुका साथै वि.सं. २०५७ सालमा महिला विकास विभागको स्थापना भयो। वि.सं. २०७४/१२/०१ मा मन्त्रालयको नाम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय नामकरण भएकोमा मिति २०८३/०१/३० गतेको मन्त्रिपरिषद्को निर्णयले मन्त्रालयको नाम महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय नामाकरण गरेको छ। विगतमा साविकका ७५ वटा जिल्लामा महिला तथा बालबालिका कार्यालय मार्फत मन्त्रालयले आफ्ना कार्यक्रमहरू सञ्चालन गरेकोमा मुलुक सङ्घीय संरचनामा रूपान्तरण भएपछि ती कार्यालयहरू खारेज भई स्थानीय तहहरूबाटै कार्यक्रम सञ्चालन भईरहेको छ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ अनुसार महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्षेत्रमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आर्थिक तथा सामाजिक रूपमा विपन्न, असहाय तथा एकल महिला, दलित, आदिवासी जनजाति, अति सीमान्तकृत, सीमान्तकृत, लोपोन्मुख समुदाय, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र उत्पीडित तथा पिछडिएका क्षेत्रका नागरिकको संरक्षण, सशक्तीकरण र विकाससँग सम्बन्धित नीति, कानून, तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनका साथै कमैया, कम्लहरी, हरवा, चरवा, हलिया लगायतका समुदायको पुनःस्थापना तथा श्रमिक र कामदारको सामाजिक सुरक्षासम्बन्धी विषय समेटिएका छन्। यसका साथै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ–संस्थाको नियमन, र मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित संवैधानिक आयोगहरूसँगको समन्वयसमेत मन्त्रालयको कार्यदिशअन्तर्गत पर्दछन्। मन्त्रालयका कार्यहरू नेपालको संविधान, नेपाल सरकारका नीतिहरू, प्रचलित कानून, दीर्घकालीन तथा आवधिक योजना, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि/सम्झौता, इच्छाधीन आलेख तथा अन्य अन्तर्राष्ट्रिय प्रतिबद्धताबाट निर्देशित हुँदै पछाडि परेका वर्गको मूलप्रवाहीकरण, सामाजिक

संरक्षण, सशक्तीकरण र समावेशीकरणका माध्यमबाट लक्षित तथा सीमान्तकृत समुदायको अधिकार, मर्यादा, सामाजिक सुरक्षा र समान अवसर सुनिश्चित गरी समतामूलक, समावेशी तथा सामाजिक न्यायमा आधारित समाज निर्माण गर्ने उद्देश्यमा केन्द्रित छन्।

## १.२ मन्त्रालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ बमोजिम मन्त्रालयको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ:

१. महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्ति सम्बन्धी नीति, कानून र मापदण्ड;

२. महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिको संरक्षण, सशक्तिकरण र विकास;

३. लैंगिक हिंसा सम्बन्धी निरोधात्मक र पुनस्थापना सम्बन्धी नीति, कानुन र मापदण्ड;

४. महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्ति, असहाय नागरिकको कल्याण, उद्धार र पुनस्थापना;

५. आर्थिक रुपले विपन्न, अशक्त र असहाय, एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख र अल्पसंख्यक जातिका नागरिकको सामाजिक सुरक्षा सम्बन्धी;

६. दलित तथा अति सीमान्तकृत, अल्पसंख्यक, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय, उत्पीडित तथा पिछडिएका क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकास;

७. मुक्त कमैया, कम्लहरी, हरवा, चरवा, हलिया लगायतको पुनस्थापना सम्बन्धी;

८. लैंगिक हिंसा, बालयौन दुराचार, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण;

९. महिला सशक्तिकरण तथा लैंगिक समानताका विषयमा अध्ययन तथा अनुसन्धान;

१०. राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग;

११. अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री;

१२. समाज कल्याण परिषद, राष्ट्रिय बाल अधिकार परिषद, नेपाल बाल संगठन;

१३. श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन;

१४. सामाजिक सुरक्षासम्बन्धी कार्य;

१५. सामाजिक सुरक्षा भत्ता व्यवस्थापन;

१६. गैर सरकारी संस्थाको नियमन सम्बन्धी मापदण्ड;

१७. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

१८. मन्त्रालय सम्बन्धी सार्वजानिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

## १.३ सङ्गठन संरचना

### १.३.१ महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३ असार ३२ गतेको निर्णयानुसार स्वीकृत भएको मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार मन्त्रालयमा ३ वटा महाशाखा, १५ वटा शाखाहरू र मन्त्रालय अन्तर्गत कुल ८५ जनाको दरबन्दी रहेको छ। मन्त्रालयको संगठन संरचना देहायअनुसार रहेको छः

**क. प्रशासन महाशाखा**

अ. कर्मचारी प्रशासन शाखा

आ. आर्थिक प्रशासन शाखा

इ. नीति, योजना तथा अनुगमन शाखा

ई. कानून तथा फैसला कार्यान्वयन शाखा

उ. बाल संरक्षण तथा विकास शाखा

**ख. महिला सशक्तीकरण महाशाखा**

अ. लैङ्गिक मूलप्रवाहीकरण शाखा

आ. लैङ्गिक हिंसा निवारण शाखा

इ. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा

ई. लैंगिक तथा यौनिक अल्पसंख्यक र तथ्याङ्क शाखा

उ. समन्वय शाखा

**ग. सामाजिक मामिला महाशाखा**

अ. ज्येष्ठ नागरिक संरक्षण शाखा

आ. अपाङ्गता अधिकार प्रवर्धन शाखा

इ. संघ संस्था शाखा

ई. सामाजिक सुरक्षा शाखा

उ. सूचना प्रविधि शाखा

मन्त्रालयको सङ्गठन संरचना अनुसूची १ र दरबन्दी तेरिज अनुसूची २ बमोजिम रहेको छ।

### १.३.२ बालसुधार गृह

नेपालमा हाल १० वटा (भक्तपुर, मोरङ्ग, मकवानपुर, कास्की, डोटी, पर्सा, बाँके (बाँके जिल्लामा दुईवटा), रुपन्देही र नुवाकोट) जिल्लामा १० वटा बालसुधार गृह रहेका छन् । ती मध्ये ३ वटा (कास्की, मोरङ्ग र जयन्दु बाँके) मा ७ जनाको दरले २१ जना, त्यसैगरी ५ वटा बाल सुधार गृह (रुपन्देही, मकवानपुर, नौवस्ता बाँके, पर्सा र नुवाकोट) मा ७ जनाको दरले ३५ जना, बाल सुधार गृह भक्तपुर मा ७ जना र बाल सुधार गृह डोटीमा ४ जनाको दरवन्दी रहेको छ।यसरी बालसुधार गृहहरुको कुल दरबन्दी संख्या ६७ जनाको रहेको छ।

### १.३.३ पशुपति वृद्धाश्रम

समाज कल्याण ऐन, २०४९ अनुसार असहाय ज्येष्ठ नागरिकहरूको संरक्षण र भरण पोषणका लागि पशुपति बृद्धाश्रम पशुपति काठमाण्डौमा संचालनमा रहेको छ।२५० जनाको क्षमता रहेको यस वृद्धाश्रममा हाल (२४ जना पुरुष र ४४ जना महिला गरी कुल ६८ जना ज्येष्ठ नागरिकहरूले आश्रय लिइरहेका छन्। उक्त बृद्धाश्रममा कर्मचारी दरबन्दी संख्या २२ जना रहेको छ।

### १.३.४ आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान

आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन, २०५८ अनुसार नेपालको विभिन्न आदिवासी/जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान एवं राष्ट्रिय विकासको मूलप्रवाहमा समान सहभागिताको लागि आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको स्थापना भएको हो। सोको कार्यालय सानेपा, ललितपुरमा संचालनमा रहेको छ। आदिवासी जनजातिको हक हितमा कार्य गर्दै आएको उक्त प्रतिष्ठानमा कर्मचारी दरबन्दी संख्या ५२ जनाको रहेको छ।

### १.३.५ सामाजिक सुरक्षा कोष

सामाजिक सुरक्षा ऐन, २०७५ अनुसार नेपालको संविधान बमोजिम आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न सामाजिक सुरक्षा कोष स्थापना गरी सञ्चालनमा रहेको छ। उक्त कोषमा कुल कर्मचारी दरबन्दी संख्या १०४ जना रहेका छन।

### १.३.६ राष्ट्रिय बाल अधिकार परिषद्

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्द्धन गर्न स्थापित विशिष्टीकृत निकाय राष्ट्रिय बाल अधिकार परिषद् हो। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०३/१२ को निर्णयले तत्कालीन बालबालिका सम्बन्धी ऐन, २०४८ बमोजिम नेपाल सरकारको नीति र निर्देशनको अधीनमा रही बालबालिकाको हक हितको संरक्षण तथा शारीरिक र मानसिक विकास गर्न मिति २०४९/०८/०४ गते गठित साविक केन्दीय बाल कल्याण समितिलाई राष्ट्रिय बाल अधिकार परिषद्मा रुपान्तरण गरेको हो। हाल यस परिषद्मा जम्मा २० जना कर्मचारीको दरबन्दी रहेको छ।

### १.३.७ समाज कल्याण परिषद्

समाज कल्याण ऐन, २०४९ अनुसार नेपाल र नेपाली समाजको सर्वाङ्गीण विकासको लागि समाज कल्याण कार्य तथा समाज सेवासँग सम्बन्धित विभिन्न क्रियाकलापलाई विकास निर्माणका कार्यहरूसँग सम्बन्द्ध गराई समाजका कमजोर तथा असहाय व्यक्ति, वर्ग र समुदायलाई मानवोचित जीवन यापन गर्न सक्षम तुल्याउन, समाजसेवी संघसंस्था तथा व्यक्तिहरुको मर्यादा र प्रतिष्ठा बढाउन तथा गैर सरकारी सामाजिक संघ संस्थाहरूको काम कारवाहीमा समन्वय गर्नका लागि समाज कल्याण परिषद्को स्थापना भएको हो। जसमा हाल १०५ जना कर्मचारीको दरबन्दी रहेको छ।

## १.४ मन्त्रालयको कार्यक्षेत्र सँग सम्बन्धित नीति तथा कानूनी व्यवस्थाहरू

### १.४.१ प्रमुख नीतिहरू

क) नेपालको संविधान, २०७२,

ख) सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६),

ग) बाल विवाह विरुद्धको रणनीति, २०८२

घ) राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

ङ) राष्ट्रिय बालबालिका नीति, २०८०

च) अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०८०

छ) मानव बेचबिखन विरुद्धको नीति, २०८२

### १.४.२ प्रमुख ऐनहरू

क) समाज कल्याण ऐन, २०४९

ख) ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३

ग) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

घ) घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६

ङ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१

च) बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२

छ) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

ज) बालबालिका सम्बन्धी ऐन, २०७५

झ) सामाजिक सुरक्षा ऐन, २०७५

ञ) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४

ट) आदिवासी जनजाति आयोग ऐन, २०७४

ठ) आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८

ड) राष्ट्रिय महिला आयोग ऐन, २०७४

ढ) राष्ट्रिय समावेशी आयोग ऐन, २०७४

ण) राष्ट्रिय दलित आयोग ऐन, २०७४

त) मधेशी आयोग ऐन, २०७४

थ) थारु आयोग ऐन, २०७४

द) मुस्लिम आयोग ऐन, २०७४

### १.४.३ प्रमुख नियमावलीहरू

क) ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५

ख) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५

ग) घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७

घ) लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७

ङ) एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७०

च) बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६

छ) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७

ज) बालबालिका सम्बन्धी नियमावली, २०७८

झ) बाल अदालत नियमावली, २०८१

ञ) सामाजिक सुरक्षा नियमावली, २०७६

ट) योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५

ठ) आदिवासी जनजाति आयोग नियमावली, २०७९

ड) राष्ट्रिय महिला आयोग नियमावली, २०७८

ढ) राष्ट्रिय समावेशी आयोग नियमावली, २०७९

ण) थारु आयोग नियमावली, २०७८

त) मुस्लिम आयोग नियमावली, २०८२

थ) समाज कल्याण नियमावली, २०४९

### १.४.४ निर्देशिकाहरू

क) सडक बालबालिका विशेष संरक्षण निर्देशिका, २०८२

ख) बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६

### १.४.५ कार्यविधिहरू

क) अपाङ्गता भएका व्यक्तिको आवासीय पुनः स्थापना केन्द्र सञ्चालन कार्यविधि, २०७९

ख) दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्दार सम्बन्धी कार्यविधि, २०८२

ग) स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

घ) स्थानीय तहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०८२

ङ) महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

च) राष्ट्रिय लैङ्गिक परिक्षण कार्यविधि, २०८२

छ) बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

ज) अन्तराष्ट्रिय गैर-सरकारी संस्थाको परियोजना सम्बन्धी कार्यविधि, २०८२

झ) बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि, २०७६

ञ) बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६

ट) अपाङ्गता भएका बालबालिकाको संरक्षणको लागि स्थापना भएका बालगृहलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७

ठ) महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०८२

ड) लैङ्गिक उत्तरदायी बजेट परिक्षण कार्यविधि, २०८३

ढ) लैङ्गिक हिंसा निवारण समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८३

### १.४.६ अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू

क) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी (CEDAW), १९७९

ख) बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (CRC), १९८९

ग) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD), २००६

घ) सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (ICERD), १९६६

ङ) मानव बेचबिखन, विशेष गरी महिला र बालबालिकाको ओसारपसारलाई रोक्ने, दबाउने र सजाय गर्ने (पार्लेमो) प्रोटोकल, २०००

च) वृद्धावस्था सम्बन्धी अन्तराष्ट्रिय कार्ययोजना, २००२

### १.४.७ कार्ययोजनाहरू

क) राष्ट्रिय लैंगिक समानता नीति, २०७७ को कार्यान्वयन कार्ययोजना, २०८०

ख) लैङ्गिक हिंसा निवारणका लागि राष्ट्रिय कार्ययोजना, २०८३

ग) राष्ट्रिय बालबालिका नीति, २०८० कार्यान्वयनको राष्ट्रिय कार्ययोजना, २०८२

घ) बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२

ङ) संयुक्त राष्ट्र संघीय महिला विरुद्धको भेदभाव उन्मूलन समितिको नेपालको सातौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष टिप्पणी, सुझाव तथा सिफारिस कार्यान्वयन राष्ट्रिय मार्गचित्र, २०८२

# परिच्छेद २: वार्षिक बजेट तथा कार्यक्रम र खर्चको प्रगति विवरण

## २.१ आर्थिक वर्ष २०८२/८३ को बजेट व्यवस्था

### २.१.१ आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य

आर्थिक वर्ष २०८२/८३ को मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रम र बजेट बक्तव्यको बुँदा देहाय अनुसार रहेको छः

**क. नीति तथा कार्यक्रम**

- **बुँदा नं. ७८:** महिलाको सर्वाङ्गीण उत्थान र सबलीकरणमा विशेष ध्यान दिइनेछ। महिलाविरुद्ध हुने हिंसा, शोषण र भेदभाव अन्त्य गरिनेछ।
- **बुँदा नं. ७९:** मानव बेचबिखन र ओसारपसारमा शून्य सहनशीलता अपनाइनेछ। लैङ्गिक हिंसा पीडितहरूका लागि तत्काल संरक्षण, उपचार, मनोसामाजिक परामर्श र शीघ्र न्यायिक निरूपण र पीडकलाई कडा कारबाही गरी पीडितहरूको समाजमा पुनर्स्थापना गरिनेछ।
- **बुँदा नं. ८०:** राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई राष्ट्रिय महिला उत्थान कार्यक्रमको रूपमा थप व्यवस्थित गरी प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ। आर्थिक र सामाजिक रूपमा विपन्न महिलाहरूको आर्थिक सशक्तीकरणका लागि वित्तीय पहुँच र उद्यमशीलता विकास गरिनेछ। दुर्गम क्षेत्रका गर्भवती र सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रम थप प्रभावकारी बनाइनेछ।
- **बुँदा नं. ८१:** बालबालिकाको शारीरिक तथा मानसिक विकास र संरक्षण गरिनेछ। सडक बालबालिकाका लागि पारिवारिक पुनर्मिलन, सामाजिक पुनर्स्थापना र वैकल्पिक हेरचाहको व्यवस्था मिलाइनेछ। बाल हेल्पलाईन सेवालाई नागरिक एपसँग जोडिनेछ।
- **बुँदा नं. ८२:** आफ्ना लागि आफै केही गर्न नसक्ने अवस्थामा रहेका, हेरचाह र पालन पोषण समेत गरिदिने कोही नभई जीवन जोखिममा रहेका सडक आश्रित सहयोगापेक्षी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवम् मनोरोगीहरूको उद्धार एवम् मानवोचित व्यवस्थापन गराउँदै सहयोगापेक्षी सडक मानवमुक्त राष्ट्र बनाइनेछ। ज्येष्ठ नागरिकलाई सम्मानपुर्वक जीवनयापनको प्रबन्ध गरिनेछ। ज्येष्ठ नागरिकहरूका ज्ञान र अनुभवको उपयोग र पुस्तान्तरणमा जोड दिइनेछ। ज्येष्ठ नागरिक सेवा केन्द्रहरूको विस्तार गरिनेछ। ज्येष्ठ नागरिकहरूको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाइनेछ।
- **बुँदा नं. ८३:** अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना सेवा विस्तार गरिनेछ। सार्वजनिक पूर्वाधार र सेवाहरूलाई अपाङ्गतामैत्री बनाइनेछ।

- **बुँदा नं. ८४:** गैर सरकारी संस्थाहरूलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्न कानुनी व्यवस्था मिलाइनेछ।
- **बुँदा नं. ८५:** महिलाविरूद्ध भेदभाव अन्त्यसम्बन्धी महासन्धि, बेइजिङ घोषणापत्र, बाल अधिकार र अपाङ्गता अधिकारको कार्यान्वयन गरिनेछ।

**ख. बजेट वक्तव्य**

- **बुँदा नं. २०२:** राष्ट्रिय जीवनका सबै क्षेत्रमा महिलाको भूमिका प्रभावकारी बनाइनेछ । लैङ्गिक विभेदको अन्त्य, नेतृत्व क्षमताको विकास र सशक्तीकरणमा जोड दिइनेछ। सार्वजनिक क्षेत्रका कार्यकारी तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न नीतिगत र संरचनागत सुधार गरिनेछ।
- **बुँदा नं. २०३:** महिला माथि हुने गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा समानताको हक सुनिश्चित गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ। महिलाको शैक्षिक तथा आर्थिक अवस्थामा सुधार गरी आत्मविश्वास र स्वाभिमान अभिवृद्धि गरिनेछ।
- **बुँदा नं. २०४:** गर्भवती तथा सुत्केरी महिला र बालबालिका लक्षित पोषण कार्यक्रम सञ्चालन गरिनेछ। राष्ट्रिय महिला उत्थान कार्यक्रम मार्फत ज्यान जोखिममा परेका दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाको निःशुल्क हवाई उद्धार गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु।
- **बुँदा नं. २०५:** महिला लक्षित उद्यमशीलता प्रवर्द्धनको माध्यमबाट रोजगारी तथा स्वरोजगारीका अवसर वृद्धि गरिनेछ। महिलाको नाममा उद्योग, व्यवसाय वा कम्पनी दर्ता वा नवीकरण गर्दा शुल्क नलाग्ने व्यवस्था गरिनेछ। गृहिणी महिलाको श्रम र सीपलाई साना तथा घरेलु उद्यमसँग जोड्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- **बुँदा नं. २०६:** संविधान प्रदत्त बाल अधिकारको प्रत्याभूति र बालबालिकाको सर्वाङ्गिण विकास गर्न शिक्षा, स्वास्थ्य, पोषण, मनोरञ्जन तथा सामाजिक संरक्षणका अवसरहरू उपलब्ध गराइनेछ। बाल उद्यान निर्माण गर्न स्थानीय तहसँग साझेदारी गरिनेछ।
- **बुँदा नं. २०७:** सडक बालबालिकामुक्त राष्ट्रिय अभियानलाई निरन्तरता दिइनेछ। बेवारिसे, परित्यक्त र अभिभावकविहिन बालबालिकाको संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक पुनर्स्थापना र वैकल्पिक हेरचाहको व्यवस्था मिलाइनेछ। बाल सुधार गृहको क्षमता विस्तार गरिनेछ। कुलतमा लागेका बालबालिकालाई असल मार्गमा ल्याउन मनोसामाजिक र वृत्ति परामर्श उपलब्ध गराइनेछ। बाल हेल्पलाइन सेवालाई नागरिक एपसँग आवद्ध गरिनेछ।

- **बुँदा नं. २०८:** ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण गर्दै लगिनेछ। ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा तथा स्वास्थ्य उपचारको प्रबन्ध मिलाइनेछ। सहयोगापेक्षी सडक मानवमुक्त अभियानमा जुटेका परोपकारी सस्थाहरूसँग सहकार्य गरिनेछ।
- **बुँदा नं. २०९:** अपाङ्गता भएका व्यक्तिको पहिचान र वर्गीकरणको मापदण्ड अद्यावधिक गरी परिचयपत्र वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ। सार्वजनिक सेवालाई अपाङ्गतामैत्री बनाइनेछ। सहाराविहिन, अशक्त तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना सेवा विस्तार गरिनेछ।
- **बुँदा नं. २१०:** मानव बेचविखन र ओसारपसारको जोखिम नियन्त्रण गर्न सूचना संकलन, निगरानी र जागरणका कार्यक्रम सञ्चालन गरिनेछ। एसिड आक्रमण लगायत महिला विरूद्ध हुने सबै प्रकारका हिंसा र उत्पीडनप्रति शून्य सहनशीलताको नीति लिइनेछ।
- **बुँदा नं. २११:** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको निर्माण कार्य सम्पन्न गरिनेछ। हिंसा पीडित महिलाका लागि मधेश, सुदूरपश्चिम र काठमाडौं उपत्यकामा पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ। यसका लागि रु. ६२ करोड विनियोजन गरेको छु।
- **बुँदा नं. २१२:** समतामूलक, सभ्य र सुसंस्कृत समाजको निर्माणका लागि छुवाछुत तथा भेदभाव विरूद्ध राष्ट्रिय अभियान सञ्चालन गरिनेछ। यसका लागि सामाजिक अन्तरमिलन तथा अन्तर-घुलनका विशेष कार्यक्रम सञ्चालन गरिनेछ। हरेक वर्षको जेठ २१ गते जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाइनेछ।
- **बुँदा नं. २१३:** बालश्रम, लैंगिक हिंसा, यौन दुर्व्यवहार, बोक्सी आरोप, छाउपडी, महिनावारी विभेद, बालविवाह लगायतका कुरीति अन्त्य गर्न पारिवारिक तथा सामाजिक जागरणका कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता अपराधमा संलग्न हुनेहरूलाई कानूनबमोजिम दण्डित गरिनेछ।
- **बुँदा नं. २१४:** समाज कल्याण परिषद् र राष्ट्रिय बाल अधिकार परिषद्को पुनर्संरचना गरिनेछ। गैरसरकारी संस्थाहरूलाई राष्ट्रिय प्राथमिकता र स्थानीय आवश्यकताअनुरूप परिचालन गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको अभिलेखीकरण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- **बुँदा नं. २१५:** लैंगिक तथा यौनिक अल्पसंख्यकलाई मर्यादित जीवनयापन गर्न सशक्तीकरण, सचेतना तथा सामाजिक अन्तर-घुलनका कार्यक्रम सञ्चालन गरिनेछ।
- **बुँदा नं. २१६:** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका लागि रु. २ अर्ब ८ करोड विनियोजन गरेको छु।

### २.१.२ आर्थिक वर्ष २०८२/८३ को बजेट व्यवस्था

आ.व. २०८२/८३ को बार्षिक बजेटको सारांश देहायअनुसार रहेको छः

बजेट रु लाखमा

| कूल बजेट | चालू | पुजीगत | वित्तीय हस्तान्तरण | | बजेटको श्रोत | |
|---|---|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह | नेपाल सरकार | बैदेशिक सहायता |
| २०८०९ | ७७९८ | ७४७९ | ८७१ | ४६६१ | ८८८५.२४ | ६३९१.८४ |

**तालिका १: आ.व. २०८२/८३ को बार्षिक बजेटको सारांश**

आ.व.२०८२/०८३ को बजेट उपशिर्षक नम्बर बमोजिम बजेट सारांश देहायअनुसार रहेको छ।

बजेट रु लाखमा

| सि.नं | ब.उ.शि.नं. | कार्यक्रमको नाम | वार्षिक बजेट | चालू | पूँजीगत | नेपाल सरकार | वैदेशिक |
|---|---|---|---|---|---|---|---|
| १ | ३४०००० ११ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय p1 | १४१६.३७ | १३७४.३७ | ४२.०० | १४१६.३७ | ० |
| २ | ३४०००० १२ | पशुपति वृद्धाश्रम p1 | ३६३.०० | ३४३.०० | २०.०० | ३६३.०० | ० |
| ३ | ३४०००१० १ | लैंगिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम p1 | ३१६.११ | ३१६.११ | ० | ३१६.११ | ० |
| ४ | ३४०००१० २ | सामाजिक विकास कार्यक्रम p1 | ५७७.०० | ५५२.०० | २५.०० | ५७७.०० | ० |
| ५ | ३४०००१० ३ | बाल विकास कार्यक्रम p1 | ३५५१.४२ | १५४१.४२ | २०१०.०० | ३५५१.४२ | |
| ६ | ३४०००१० ५ | राष्ट्रिय महिला सशक्तीकरण परियोजनाp1 | ५२९.०० | ५२९.०० | ० | ५२९.०० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | ३४०००१०६ | महिला समुत्थान कार्यक्रम p1 | ७१३३.०० | ९७४.०० | ६१५९.०० | १५२७.२४ | ५६०५.८४ |
| ८ | ३४०००१०७ | नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको समावेशी सशक्तीकरण आयोजना p1 | १०१.०० | १०१.०० | ० | १.०० | १०० |
| ९ | ३४०००१०८ | लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना p1 | ५५६.०० | ५०६.०० | ५०.०० | ० | ५५६ |
| १० | ३४०८१०११ | राष्ट्रिय बालअधिकार परिषद् p2 | ७७२.६१ | ७५३.६१ | १९.०० | ६४२ | १३० |
| ११ | ३४०४१०११ | समाज कल्याण परिषद् | २०.०० | २०.०० | ० | २० | ० |
| जम्मा | | | १५३३५.५१ | ७०१०.५१ | ८३२५. | ८९४३.१४ | ६३९२ |

**तालिका २: आ.व. २०८२/८३ को बार्षिक बजेटको बजेट उपशिर्षक नम्बर बमोजिम बजेट सारांश**

## २.२ आ.व. २०८२/८३ को बजेट तथा खर्चको प्रगति सारांश

बजेट कार्यान्वयनको अवस्थालाई हेर्दा कुल **रु.** १ अर्ब ५३ करोड ३५ लाख ५१ हजार वार्षिक बजेटमध्ये रु. ८३ करोड २७ लाख १७ हजार खर्च भई समग्र वित्तीय प्रगति ५४.३० प्रतिशत हासिल भएको देखिन्छ। चालुतर्फ **रु.** ७० करोड १० लाख ५३ हजार बजेट विनियोजन भएकोमा रु. ४५ करोड ८२ लाख १७ हजार खर्च भई ६५.३६ प्रतिशत प्रगति भएको छ। पुँजीगत तर्फ रु. ८३ करोड २५ लाख बजेट मध्ये रु.

३७ करोड ४५ लाख खर्च भई ४४.९८ प्रतिशत मात्र प्रगति भएको देखिन्छ। आ.व २०८२/८३ को बजेट खर्च देहायअनुसार रहेको छ।

**बजेट रु लाखमा**

| सि.नं | वार्षिक बजेट | वार्षिक खर्च | वार्षिक प्रगति प्रतिशत |
|---|---|---|---|
| चालु | ७०१०.५३ | ४५८२.१७ | ६५.३६ |
| पुँजीगत | ८३.२५ | ३७४५.०० | ४४.९८ |
| **जम्मा** | **१५३३५.५१** | **८३२७.१७** | **५४.३** |

**तालिका ३: आ.व. २०८२/८३ को बार्षिक बजेट खर्चको प्रगति सारांश**

## २.३ आ.व. २०८२/८३ को आयोजनागत बजेट खर्च

आर्थिक वर्ष २०८२/०८३ मा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयजम्मा ११ वटा बजेट उपशीर्षकका कार्यक्रम सञ्चालन भएकोमा ९ वटा पहिलो प्राथमिकता (P1) र २ वटा दोस्रो प्राथमिकता (P2) का कार्यक्रम रहेका छन्। पहिलो प्राथमिकता कार्यक्रमहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बाल विकास कार्यक्रम, राष्ट्रिय महिला सशक्तिकरण परियोजना, सामाजिक विकास कार्यक्रम, लैंगिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम, महिला समुत्थान कार्यक्रम, पशुपति बृद्धाश्रम, नेपालमा लैंगिक तथा यौनिक अल्पसंख्यकहरूको समावेशी सशक्तीकरण आयोजना र लैगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना रहेका छन् भने दोस्रो प्राथमिकतामा रहेका कार्यक्रमहरूमा समाज कल्याण परिषद् र राष्ट्रिय बाल अधिकार परिषद् रहेका छन्।

बजेट रु. लाखमा

| सि.न. | ब.उ.शि.न. | कार्यक्रमको नाम | वार्षिक वजेट | वार्षिक खर्च | वार्षिक भौतिक प्रगति(%) | वार्षिक वित्तीय प्रगति (%) |
|---|---|---|---|---|---|---|
| १ | ३४०००११ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय p1 | १४१६.३७ | १००२.१६ | ८०.६० | ७०.७६ |
| २ | ३४०००१२ | पशुपति वृद्धाश्रम p1 | ३६३.०० | २२७.०० | ४२.३० | ६२.५४ |
| ३ | ३४०००१०१ | लैंगिक हिंसा निवारण तथा मानव बेचविखन नियन्त्रण कार्यक्रम p1 | ३१६.११ | १९१.४६ | ९२ | ६०.५७ |
| ४ | ३४०००१०२ | सामाजिक विकास कार्यक्रम p1 | ५७७.०० | ४०९.०१ | ८०.६० | ७०.८९ |
| ५ | ३४०००१०३ | बाल विकास कार्यक्रम p1 | ३५५१.४२ | २९७५.३९ | ८५.६५ | ८३.७८ |
| ६ | ३४०००१०५ | राष्ट्रिय महिला सशक्तीकरण परियोजना p1 | ५२९.०० | ४३९.५० | १०० | ८३.०८ |
| ७ | ३४०००१०६ | महिला समुत्थान कार्यक्रम p1 | ७१३३.०० | २१८८.९२ | ३०.६९ | ३०.६९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ३४०००१०७ | नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको समावेशी सशक्तीकरण आयोजना p1 | १०१.०० | ० | ० | ० |
| ९ | ३४०००१०८ | लैगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना p1 | ५५६.०० | २००.६२ | ८२ | ३६.०८ |
| १० | ३४०४१०११ | समाज कल्याण परिषद् | २०.०० | ० | ० | ० |
| ११ | ३४०८१०११ | राष्ट्रिय बालअधिकार परिषद् p2 | ७७२.६१ | ६९३.११ | ८८ | ८९.७१ |
| जम्मा | | | १५३३५.५१ | ८३२७.१७ | ६१.९८ | ५४.३ |

**तालिका ४: आ.व. २०८२/८३ को बार्षिक बजेटको अयोजनागत बजेट खर्च प्रगति**

## २.४ सोह्रौ योजनाको नतिजा सूचकको लक्ष्य र उपलब्धि

सोह्रौं योजना (२०८१/८२-२०८५/८६) मा समावेश भएको मन्त्रालयसँग सम्बन्धित सूचकको लक्ष्य र उपलब्धिको विवरण देहायअनुसार रहेको छ।

| क्र.स. | नतिजा सुचक | एकाइ | लक्ष्य (०८५।०८६) | उपलब्धि (०८२।०८३) | तथ्याङ्क स्रोत |
|---|---|---|---|---|---|
| १ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९६७ | ०.८८५ | HDI 2024/25 |
| २ | लैङ्गिक सशक्तीकरण मापन सूचकाङ्क | सूचकाङ्क | ०.५९ | ०.५६ | HDI 2022 |
| ३ | सामाजिक सशक्तीकरण सूचकाङ्क | सूचकाङ्क | ०.६५ | ०.५८ | सोहौं योजना |
| ४ | जीवनकालमा शारीरिक, मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २० | २३.४ | सोहौं योजना |
| ५ | महिला प्रतिनिधित्व<br>संघीय संसद<br>प्रदेश सभा<br>स्थानीय तह | प्रतिशत | <br>४०<br>४०<br>४५ | <br>३४.१<br>३६.४<br>४१.२ | निर्वाचन आयोग नेपाल २०८२ |
| ६ | सार्वजनिक सेवामा महिला प्रतिनिधित्व | प्रतिशत | ३५ | ३० | आर्थिक सर्वेक्षण २०८२ |
| ७ | घर वा जग्गा वा घरजग्गामा स्वामित्व पुगेको महिला | प्रतिशत | ३५ | २३.८ | रा. जनगणना २०७८ |
| ८ | श्रम शक्तिमा महिलाको श्रम सहभागिता दर | प्रतिशत | ३५ | २६.३ | नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सार्वजनिक सेवाका नीति निर्माण पदमा महिलाको सहभागिता | प्रतिशत | २० | १३.६ | राष्ट्रिय किताबखाना (निजामती) |
| १० | सबै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेटको अनुपात | प्रतिशत | ५० | ४४.२८ | बजेट बक्तव्य २०८२/०८३ |
| ११ | सामाजिक सुरक्षामा आवद्ध ज्येष्ठ नागरिक | प्रतिशत | १०० | ९४ | MoWCGSS, पञ्जिकरण विभाग, केन्द्रिय तथ्याङ्क कार्यालय |
| १२ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र | संख्या | ७५३ | ५०० | MoWCGSS |
| १३ | मानव बेचविखन पीडित प्रभावितका लागि पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्ला | संख्या | १५ | १० | MoWCGSS |
| १४ | महिनावारीको समयमा आवश्यक सामग्रीको उपलब्धता र स्वच्छता सहितको शौचालयको व्यवस्था भएको विद्यालय | प्रतिशत | ८० | विवरण प्राप्त हुन नसकेको। | |
| १५ | पछिल्लो १२ महिनामा महिनावारीको कारणबाट विद्यालय र कार्यस्थलमा अनुपस्थित भएका महिला | प्रतिशत | ४ | विवरण प्राप्त हुन नसकेको। | |

**तालिका ५: सोह्रौ योजनाको नतिजा सूचक**

## २.५ आ.व. २०८२/८३ को माइलस्टोनको प्रगति अवस्था

मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको ११ वटा बुँदा र बजेट बक्तव्यका १० वटा बुँदा मा उल्लिखित विषय कार्यान्वयनका लागि मन्त्रालयले जम्मा १३ वटा क्रियाकलाप र १५ वटा माइलस्टोन तर्जुमा गरेको थियो। माइलस्टोन कार्यान्वयनको अवस्था देहाय अनुसार रहेको छः

### २.५.१ पूर्ण रूपमा सम्पन्न भएका माइलस्टोनः

क) ५ वटा संघीय निकाय (उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय र वन तथा वातावरण मन्त्रालय) को भौतिक पहुँचयुक्तता परिक्षण परीक्षण सम्पन्न भएको छ। हालसम्म सबै संघीय मन्त्रालयको भौतिक पहुँचयुक्तता परीक्षण सम्पन्न भएको छ।

ख) कानूनी विवादमा परेका बालबालिकाको संरक्षणका लागि तनहु जिल्लाको ढकालटारमा बाल सुधार गृहको भवन निर्माण कार्य शुरू भएको छ।

ग) हिंसा पीडित महिलाहरूको दीर्घकालीन पुनर्स्थापनाका लागि मंगला सहाना पुनर्स्थापना केन्द्रको भवन निर्माण कार्य शुरू भएको छ।

घ) विपन्न महिलाहरूको जीवनस्तरमा सुधार ल्याउनका लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ तर्जुमा गरिएको छ।

ङ) महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई अपाङ्गमैत्री नमूनाको रुपमा विकास गर्न मन्त्रालयमा २ वटा ह्वीलचियरको व्यवस्था तथा माननीय मन्त्री र सचिवको नेमप्लेट ब्रेल लिपिमा राखिएको छ।

च) मानव बेचविखन विरूद्धको राष्ट्रिय नीति, २०८२ नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ।

छ) राष्ट्रिय बालबालिका नीति, २०८० कार्यान्वयनको राष्ट्रिय कार्ययोजना, २०८२ स्वीकृत भई कार्यान्वयनमा रहेको छ।

ज) दुर्गम क्षेत्रका ज्यान जोखिममा रहेका १०३ जना गर्भवती, सुत्केरी महिला तथा नवजात शिशुको हवाई उद्धार गरिएको छ।

### २.५.२ आंसिक रूपमा सम्पन्न भएका माइलस्टोन

क) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को संशोधन मस्यौदा उपर सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाईएको छ।

ख) हिंसा पीडित महिलाको आवासीय संरक्षणका लागि सुदूरपश्चिम प्रदेशमा पुनर्स्थापना केन्द्र भवन निर्माणका लागि ठेक्का सम्झौता भएको छ।

ग) हिंसा पीडित महिलाको आवासीय संरक्षणका लागि मधेश प्रदेशमा पुनर्स्थापना केन्द्र भवन निर्माण निर्माणका लागि ठेक्का आह्वान गरिएको छ।

घ) मानव विकास सूचकांकमा पछाडि परेका ५५ जिल्लाका १११ स्थानीय तहहरूमा विपन्न महिलाको जीवनस्तरमा सुधार कार्यक्रम सञ्चालन भएको छ। उक्त कार्यक्रममा १२७५ जना महिलालाई जीविकोपार्जन सुधार कार्यक्रम मार्फत सीप विकास तथा टेवा पुँजी प्रदान गरिएको छ।

## २.६ आ.व. २०८२/८३ को कार्यक्रम/परियोजनागत मुख्य मुख्य उपलब्धिहरू

### २.६.१ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

क) १० जना फ्रन्ट डेस्कका कर्मचारीलाई सेवाग्राहीमैत्री सेवा प्रवाह सम्बन्धी तालिम तथा ६० जना कर्मचारीलाई मनोवैज्ञानिक क्षमता तथा योगाभ्यास सहितको २ दिवसीय आवासीय तालिम प्रदान गरिएको छ।

ख) ५५ जना राजपत्रांकित तृतीय र सहायक स्तरका कर्मचारीलाई कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिएको छ।

ग) ४२ जना राजपत्रांकित कर्मचारीलाई सूचना प्रविधि र व्यवसायिक लेखन सीप सम्बन्धी तालिम प्रदान गरिएको छ।

घ) १० जना सवारी चालकको सवारी सञ्चालन क्षमता अभिवृद्धि तथा स्वास्थ्य परीक्षण गर्नुका साथै १७ जना कार्यालय सहयोगीलाई आतिथ्यता सम्बन्धी तालिम प्रदान गरिएको छ।

ङ) सामाजिक सूचना व्यवस्थापन प्रणाली (SIMS) को प्रभावकारी कार्यान्वयनका लागि दोलखा, सिन्धुपाल्चोक, पर्सा, मकवानपुर, काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाभित्रका ६० वटा स्थानीय तहका सम्बन्धित कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।

च) सामाजिक सूचना व्यवस्थापन प्रणाली (SIMS) कार्यान्वयनका सन्दर्भमा मोरङ्ग, काभ्रेपलाञ्चोक र तनहुँ जिल्लाका स्थानीय तहमा अनुगमन गरी आवश्यकता अनुसार अभिमुखीकरण समेत गरिएको छ।

छ) तथ्याङ्कमा महिला, तथ्याङ्कमा बालबालिका र तथ्याङ्कमा ज्येष्ठ नागरिक नामक छुट्टाछुट्टै Leaflet प्रकाशन गर्नुका साथै मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित लेख रचनाहरूको संगालो सशक्तीकरण जर्नल प्रकाशन गरिएको छ।

ज) लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको मर्यादित जीवनका लागि चितवन जिल्लाका सरकारी कर्मचारी र सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूबीच छलफल/अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

झ) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको अन्तर्राष्ट्रिय 'गौरव महिना जुन' (Pride month June) को अवसरमा लैङ्गिक सम्पर्क व्यक्तिहरू र मन्त्रालयका कर्मचारीको सहभागितामा विज्ञहरूबाट अभिमुखीकरण गरिएको छ।

## २.६.२ राष्ट्रपति महिला सशक्तिकरण परियोजना

क) दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको हवाइ उद्धार कार्यक्रम (उद्धार, यातायात तथा व्यवस्थापन र अनुगमन सहित) अन्तर्गत २०८२ श्रावण देखि २०८३ साल असार मसान्तसम्म १०३ जनाको उद्धार गरिएको छ। आ.व. २०७५/७६ देखि हालसम्म हवाइ उद्धार गरेको संख्या ९४८ पुगेको छ। यसका साथै, हवाई उद्धार गरिएका धादिङ जिल्लाका सेवाग्राहीको सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिएको छ।

ख) महिला उद्यमीबाट उत्पादित वस्तु तथा सेवाको बजारीकरण एवम् प्रवर्द्धनका लागि २०८२ चैत्र २०-२२ सम्म महिला उद्यमी महासंघसँगको सहकार्यमा अन्तर्राष्ट्रिय प्रदर्शनी मेला आयोजना भएको छ। प्रदर्शनीमा १४० वटा स्टलमा करिव ४०० जना महिला उद्यमी सहभागी भएका थिए। प्रत्येक प्रदेशबाट १/१ जना महिला उद्यमी गरी सात जनालाई महिला उद्यमी समुन्नती पुरस्कार प्रदान गरिएको छ। उक्त पुरस्कार आ.व. २०७६/७७ देखी सुरु भएकोमा हालसम्म ३७ जनाले प्राप्त गरेका छन्। आर्थिक वर्ष २०८२/८३ मा महिला उद्यमी समुन्नती पुरस्कार प्राप्त गर्ने उद्यमीको विवरण देहाय अनुसार रहेको छः

| क्र.सं | प्रदेश | पद | उद्यमी महिलाको नाम | ठेगाना |
|---|---|---|---|---|
| १. | कोशी प्रदेश | सञ्चालक | श्री विष्णुमाया कन्दम्बा लिम्बु | धनकुटा न.पा.वडा नं. ६, धनकुटा |
| २. | मधेश प्रदेश | उद्यमी | श्री चंचला दास | विरगंज म.न.पा.११, पर्सा |

| | | | | |
|---|---|---|---|---|
| ३. | बागमती प्रदेश | व्यवसाय सञ्चालक | श्री चन्द्रकला श्रेष्ठ | लपु.म.न.पा ४, ललितपुर |
| ४. | गण्डकी प्रदेश | प्रबन्ध सञ्चालक | श्री रामकली खड्का | पोखरा म.न.पा ८, कास्की |
| ५. | लुम्बिनी प्रदेश | उद्यमी | श्री हिसिला वली | घोराही उप.म.न.पा १४, दाङ |
| ६. | कर्णाली प्रदेश | अध्यक्ष | श्री सुजाता पाण्डेय | विरेन्द्रनगर न.पा ७, सुर्खेत |
| ७. | सुदूरपश्चिम प्रदेश | उद्यमी | श्री चम्फा बोहरा | कैलारी गा.पा १, कैलाली |

**तालिका ६: आ.व. २०८२/८३ मा महिला उद्यमी समुन्नती पुरस्कार प्राप्त गर्ने उद्यमीको विवरण**

ग) सिन्धुपाल्चोक, रसुवा र कास्की जिल्लामा विपन्न महिलाहरूको आर्थिक सशक्तीकरण र वित्तीय पहुँच विकास कार्यक्रम सञ्चालन गरिएको छ।

घ) १०० स्थानीय तहमा महिला उद्यमशीलता विकास सम्बन्धी सहजीकरण केन्द्र स्थापना भई सञ्चालनमा आएको छ। ५ वटा प्रदेशमा महिला उद्यमी तथा उद्यमी समूहका लागि प्रविधि सहयोग कार्यक्रम मार्फत प्रत्येक प्रदेशका १/१ महिला उद्यमी समूह गरी जम्मा ५ वटा उद्यमी महिला समूह र ६८ जना उद्यमी महिलालाई प्राविधिक सहयोग उपलब्ध गराइएको छ।

ङ) सामाजिक कुरीति विरुद्ध सचेतनामुलक कार्यक्रम र महिलाको सामुदायिक/राजनैतिक नेतृत्वमा सक्रीय सहभागिता प्रवर्द्धन सम्बन्धी सचेतनामूलक सामग्री निर्माण गरी प्रसारण भएको छ। यसै गरी, निर्वाचनमा महिला मतदाता सहभागिता बढाउन निर्वाचन लक्षित गरी नेपाली भाषासहित १० वटा भाषामा सचेतनामूलक सामाग्री निर्माण गरी प्रसारण गरिएको छ।

### २.६.३ लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम

**क)** ४ वटा संघीय मन्त्रालय/निकाय (राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र रक्षा मन्त्रालय) को लैङ्गिक परीक्षण सम्पन्न गरिएको छ।

**ख)** CEDAW/BPFA, राष्ट्रिय लैंगिक समानता नीति, २०७७ र उक्त नीतिको कार्यान्वयन कार्ययोजनाको आन्तरिकीकरण कार्यक्रम कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा सम्पन्न भएको छ।

ग) लैङ्गिक सम्पर्क व्यक्तिहरूलाई क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको र सोही कार्यक्रममा CEDAW Roadmap, राष्ट्रिय लैङ्गिक परीक्षण कार्यविधि, २०८२, GRB Audit Manual को अभिमुखीकरण गरिएको छ।

घ) कोशी प्रदेशमा CEDAW Roadmap, राष्ट्रिय लैङ्गिक परीक्षण कार्यविधि, २०८२, GRB Audit Manual को अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।

ङ) ग्रामीण महिला, आदिवासी जनजाती महिला र अपाङ्गता भएका महिलाको हक अधिकार सम्बन्धी सचेतना कार्यक्रम कोशी प्रदेशको विराटनगर, बागमती प्रदेशको कोन्ज्योसोम, गण्डकी प्रदेशको क्व्होलासोथार र लुम्बिनी प्रदेशको सुस्ता गाउँपालिकामा सम्पन्न गरिएको छ।

च) संयुक्त राष्ट्र संघीय महिला विरुद्धको भेदभाव उन्मूलन समितिको नेपालको सातौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष टिप्पणी, सुझाव तथा सिफारिस कार्यान्वयन राष्ट्रिय मार्गचित्र, २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

छ) ६ वटा निकाय (राष्ट्रिय योजना आयोग, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय र यस मन्त्रालय) को लैङ्गिक उत्तरदायी बजेट परीक्षण गरिएको छ।

ज) ८१ जना महिला कर्मचारी (सचिव/सहसचिवस्तर) को सहभागितामा राष्ट्रिय सम्वाद आयोजना गर्नुका साथै २४ जना महिला कर्मचारीलाई मौलिक नेतृत्व विकास तालिम प्रदान गरिएको छ।

झ) ५० औ वरिष्ठ कार्यकारी विकास कार्यक्रम (SEDP) मा सहभागी ३० जना सहसचिवलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचारसंहिताको अभिमुखीकरण गरिएको छ।

ञ) विभिन्न आरोप वा अपराधबाट जेल सजाय भोगिरहेका महिला तथा किशोरीका लागि जनचेतनामूलक सकारात्मक सोच सम्बन्धी कार्यक्रम रामेछाप र पर्सा जिल्लाको कारागार कार्यालयमा सञ्चालन गरिएको छ।

ट) काठमाडौ र रामेछाप जिल्लामा लैङ्गिक हिंसा पीडितका लागि सञ्चालित मनोसामाजिक परामर्श केन्द्र र जिल्ला सेवा केन्द्रबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

ठ) विपद् प्रतिकार्यका लागि गठित protection cluster का सदस्यहरूलाई विपद् अवस्थामा हुने यौन शोषण, दुर्व्यवहार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

ड) लैङ्गिक हिंसाबाट पीडित ९ जना महिलाको गुनासो सम्बोधनका लागि राष्ट्रिय महिला आयोग, जिल्ला प्रहरी कार्यालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयमा सहजीकरण गरिएको छ।

ढ) लैङ्गिक हिंसाबाट पीडितका लागि संचालन गरिएका सुरक्षित आश्रयस्थल/पुनर्स्थापना केन्द्रबाट प्रदान गरिने सेवाको गुणस्तर तथा प्रभावकारिता सम्बन्धमा अध्ययन कार्य सम्पन्न भएको छ।

ण) देशभर सञ्चालनमा रहेका लैङ्गिक हिंसा पीडितका लागि आश्रय स्थल तथा सेफ हाउसको वास्तविक अवस्था तथा सेवाको सन्दर्भमा सुरक्षित आवास तथा अल्पकालीन सेवा केन्द्रको अध्ययन कार्य सम्पन्न भएको छ।

त) ११६ औं अन्तराष्ट्रिय महिला दिवस र राष्ट्रिय महिला अधिकार दिवस विविध कार्यक्रम गरी मनाइएको छ, सोही अवसरमा सात प्रदेशका महिला उद्यमीहरूलाई सम्मान गरिएको छ।

थ) लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम सम्पन्न भएको, उक्त अभियानमा लैंगिक हिंसा निवारणको क्षेत्रमा पुरुष सञ्जाल सदस्यहरूलाई परिचालन गरिएको छ।

द) मानव बेचबिखन नियन्त्रण क्रसबोर्डर (अन्तरदेशीय) परामर्श बैठक कोशी प्रदेशको विराटनगरमा सम्पन्न भएको छ। यसै गरी, मानव बेचबिखनको जोखिममा रहेका समूहहरूको लागि स्थानीय तहसँगको सहकार्यमा रुपन्देही र धनगढीमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।

ध) नुवाकोट जिल्लाका दुई बालिकाको भारतको कलकत्तास्थित सोनागाछी क्षेत्रबाट उद्धार गरी संस्थागत पुनर्स्थापना गरिएको छ।

न) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिका पदाधिकारीहरूबाट सिन्धुपाल्चोक जिल्लामा सञ्चालनमा रहेको पुनर्स्थापना केन्द्रको अनुगमन गरी अनुगमनको समिक्षा तथा अन्तर्क्रिया गरिएको छ।

ऩ) पुनर्स्थापना केन्द्रमा रहेका मानव बेचबिखन तथा ओसापसार पीडित प्रभावितहरूका लागि मनोसामाजिक परामर्श तथा अन्तरक्रिया कार्यक्रम पोखरामा सम्पन्न भएको छ।

प) मानव बेचबिखन विरुद्ध जिल्ला समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ।

फ) झापा, पर्सा, चितवन, सिन्धुपाल्चोक, कास्की, रुपन्देही र सुर्खेत जिल्लामा सञ्चालनमा रहेको पुनर्स्थापना केन्द्रको अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गरिएको छ।

ब) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन प्रकाशन भएको छ।

भ) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूका लागि काठमाडौं र चितवनमा रोजगारमूलक सीप विकास (आधारभूत) तालिम सम्पन्न गरिएको छ।

